## अनलाइन सञ्चारमाध्यम दर्ताका लागि आवश्यक कागजात तथा प्रक्रियाः-

आवश्यक कागजातहरुः-

अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३, एवम् नेपाल सरकारद्वारा विभिन्न मितिमा प्रकाशित नेपाल राजपत्रको सूचना, निर्णय, परिपत्र तथा निर्देशनअनुसारः

१. Domain name स्पष्ट खुल्ने गरी अनलाइन पत्रिका दर्ता गरिपाउँ भन्ने निवेदन,

२. कम्पनी दर्ता प्रमाणपत्र, साथै १ वर्ष नाघेका कम्पनीको कम्पनी अध्यावधिक पत्र, Audit Report र शेयर लगत विवरणसमेत,

३. अनलाइन पत्रिका सन्चालन गर्ने उद्देश्यसहितको कम्पनीको प्रवन्धपत्र र नियमावली, (घरेलु तथा साना उद्योगमा दर्ता भएकोमा समेत अनलाइन पत्रिका सञ्चालन गर्ने उद्देश्य हुनुपर्नेछ ) (पत्रिकाको हकमा पत्रिका स्थायी दर्ता प्रमाणपत्र र अनलाइन पत्रिका सञ्चालन गर्ने भनी domain खुल्ने गरी जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र)

४. कम्पनीका सबै सञ्चालकको नागरिकताको प्रमाणपत्र,

५. कम्पनी सञ्चालक समितीको बैठकको निर्णय (माइन्युट),
   - Domain name खुल्नेगरी अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्ने निर्णय,
   - दुई वा सो भन्दा बढी सञ्चालक रहेको अवस्थामा एकजनालाई अनलाइनको सञ्चालक तोकिएको निर्णय,
   - सम्पादक नियुक्तिको निर्णय, (नियुक्तिको प्रकार, तलव तथा सेवासुविधा खुल्नेगरी)
   - अनलाइनलाई सूचना तथा प्रसारण विभागमा दर्ता गर्ने निर्णय गरेको हुनुपर्ने।

६. सम्पादकको नागरिकताको प्रमाणपत्र, नियुक्तिपत्र र एसइइ/एसएलसी देखि स्नातक सम्मका सबै certificate (**character certificate** सहित) वा यस विभागबाट सम्पादक भनी प्रमाणित गरिएको सिफारिस पत्र । (नोटः विदेशमा अध्ययन गरेकाको हकमा प्रत्येक तहका लागि नेपाल सरकारबाट मान्यता तथा समकक्षता निर्धारण गरिएको पत्र समावेश गर्नुपर्नेछ)

७. व्यवसायका कारोबारमा छपाई वा विद्युतीयस्वरुप, इन्टरनेटसमेतबाट प्रकाशन (कोड नं. ५८१३-०३) उल्लेख भएको स्थायी लेखा नम्बर/मूल्यअभिवृद्धि कर प्रमाणपत्र,

८. Public Domain Details record (whois.com,godaddy.com वा अन्य आधिकारिक डोमेनको whois विवरण देखिने गरी) :
   - Domain update रहेको देखिनुपर्ने,
   - Domain को Registrant & Administrative Contact को Name मा सञ्चालकको नाम, Organization मा कम्पनीको नाम र ठेगाना, फोन नं र इमेल लगायतका विवरण देखिने हुनुपर्नेछ ।

९. अनलाइनको दरबन्दी विवरण, श्रमजिवी विवरण र प्रतिवद्धता पत्र, (नोटः कम्तीमा ३ जना श्रमजिवी (सम्पादक, प्रेस प्रतिनिधि) र न्युनतम तलब रु. १७,६२५।- हुनुपर्नेछ )

१०. पाँच जना सम्म श्रमजीवी विवरण रहेकोमा खाता विवरण तथा पाँच जना भन्दा बढी श्रमजिवी रहेकोमा बैङ्किङ प्रणालीबाट पारिश्रमिक भुक्तानी गरेको प्रमाणित विवरण,

नोटः-

- नियुक्तिपत्र, दरवन्दी विवरण, श्रमजिवी विवरण, प्रतिवद्धता पत्र र खाता विवरण विभागको वेवसाइडको डाउनलोडमा भएको नमुना बमोजिम संस्थाको लेटरप्याडमा बनाई अनलाइनको सञ्चालकले सहीछाप गर्नुपर्नेछ।
- सबै कागजातहरु सक्कलै प्रतिबाट scan गर्नुपर्नेछ, यदि प्रतिलिपीबाट scan गर्नुपरेमा नोटरी पब्लिकबाट प्रमाणित गराएर मात्र पेश गर्नुपर्नेछ ।

प्रक्रियाः-

- www.doib.gov.np मा गएर अनलाइन सेवाको प्रेस तथा अनलाइन छनोट गर्ने,
- अनलाइन सेवाभित्र अनलाइन सञ्चारमाध्यम छनोट गर्ने,
- Registration Type मा New Registration छनोट गर्ने,
- सञ्चालकको Photo and Signature upload गरी Online Form मा Domain and Email बाहेक सबै विवरण नेपालीमा भर्ने (अंकसमेत),
- आवश्यक कागजातहरुको 5 mb सम्मको pdf file बनाएर तोकिएको स्थानमा अपलोड गर्ने
- सबै कागजातहरु अपलोड गरी submit गरेपछि Confirmation Number प्राप्त हुन्छ सो number लाई सुरक्षित राखी समय समयमा form को last मा रहेको yellow box मा number राखी view गर्नुहोला र कागजात नपुगेको वा नमिलेको सूचना आएमा पुन मिलाएर पेश गर्नुहोला। साथै Approved भन्ने सूचना आएमा सञ्चालकले २ वटा फोटो लिएर विभागमा अनलाइन दर्ता प्रमाणपत्र लिन आउनुहोला ।
- अनलाइन दर्ता तथा नवीकरण सम्बन्धमा कुनै जानकारी लिनु परेमा ०१-५९१९८९३ मा सम्पर्क गर्नुहोला ।
- **अनलाइन नवीकरणको हकमा** दर्ता गर्दाको Confirmation Number बाट नै नवीकरणको लागि पेश गर्नुपर्नेछ साथै दरबन्दी तथा श्रमजीवि विवरण विभागको दरबन्दी विवरणमा चालु आ.व.को विवरण पेश गरी प्राप्त Confirmation Number/code अनलाइन नवीकरणको फर्ममा माग गरिएको स्थानमा भर्नुपर्नेछ र सो बमोजिमको खाता विवरण/pay roll, प्रतिबद्धतापत्र पेश गर्नुपर्नेछ।

## अनलाइन पत्रिकाको कम्पनी/संस्थाको नाम र ठेगाना परिवर्तन गर्नका लागि आवश्यक कागजातहरुको चेकलिष्ट:-

क) नयाँ संस्थाको लेटरप्याडमा निवेदन,

ख) हालको मितिसम्म पुरानै कम्पनीबाट अनलाइन नवीकरण भएको हुनुपर्ने,

ग) अनलाइन दर्ता प्रमाणपत्र,

घ) पुरानो संस्थाबाट अनलाइन विक्रि वा हस्तान्तरण गर्ने निर्णय गरेको माइन्युट, र सबै सञ्चालकहरुको नागरिकता,

ङ) अनलाइनको कम्पनी/संस्थाको नाम र ठेगाना परिवर्तन गर्ने व्यहोराको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित कम्तीमा तीन वटा पन्ध्र दिने सूचना (पहिलो पटक प्रकाशन भएको सूचना अवधि भुक्तान भएपछि दोस्रो पटक सूचना प्रकाशन र दोस्रो पटक प्रकाशन भएको सूचनाको अवधि भुक्तान भएपछि तेस्रो पटक सूचना प्रकाशन भएको हुनुपर्ने),

च) पहिलो पटक सूचना प्रकाशित भएको मितिले पैतालिस दिनसम्म उक्त संस्थाविरूद्ध कुनै उजुरी परे/नपरेको विवरण र उजुरी परेको भए सो उजुरी फछ्र्यौट भएको निर्णय,

छ) नयाँ कम्पनीको लेटरप्याडमा निवेदन सहित नयाँ अनलाइन दर्ता गर्ने आवश्यक चेकलिष्ट अनुसारका कागजातहरु।

## सूचनाको नमूना:-

"सूचना तथा प्रसारण विभागमा दर्ता नं....मिति.. मा दर्ता रहेको ......(कम्पनीको नाम) द्वारा सञ्चालित www........ नामक अनलाइन सञ्चारमाध्यम यस कम्पनीबाट........लाई हस्तान्तरण हुने हुँदा कम्पनीसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारहरुको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा सूचना प्रकाशन भएको मितिबाट १५ दिन भित्र यस कम्पनीको ठेगान..., सञ्चालकको मोबाइल नम्बर... वा इमेल.... मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत अनुरोध छ।"

## अनलाइन सञ्चारमाध्यमको दर्ता खारेज/दर्ता प्रमाणपत्र रद्द गर्न आवश्यक कागजातहरुको चेकलिष्टः-

(क) दर्ता प्रमाणपत्र रद्द/ अनलाइन खारेज गर्नुपर्ने स्पष्ट कारण सहितको संस्थाको लेटरप्याडमा निवेदन,

(ख) अनलाइन दर्ता खारेज गर्ने र सोको लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा तीन वटा पन्ध्र दिने सार्वजनिक सूचना निकाल्ने सञ्चालक समितिको निर्णय,

(ग) राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अनलाइन दर्ता खारेज गर्ने सम्बन्धमा प्रकाशित सूचनाको सक्कल प्रति (पहिलो पटक प्रकाशन भएको सूचना अवधि भुक्तान भएपछि दोस्रो पटक सूचना प्रकाशन र दोस्रो पटक प्रकाशन भएको सूचनाको अवधि भुक्तान भएपछि तेस्रो पटक सूचना प्रकाशन भएको हुनुपर्ने),

(घ) पहिलो पटक सूचना प्रकाशित भएको मितिले पैतालिस दिनसम्म उक्त संस्थाविरूद्ध कुनै उजुरी परे/नपरेको विवरण र उजुरी परेको भए सो उजुरी फछ्र्यौट भएको निर्णय,

(ङ) पछिल्लो आर्थिक वर्षको संस्था अद्यावधिक भएको विवरण,

(च) संस्थाको कर चुक्ता विवरण,

(छ) संस्थाको लेखापरीक्षण प्रतिवेदन,

(ज) अनलाइन सञ्चार माध्यम सञ्चालन दर्ता प्रमाणपत्र,

(झ) आर्थिक दायित्व बाँकि नरहेको स्वघोषणापत्र (संस्थाको लेटरप्याडमा)

## सूचनाको नमूनाः-

"सूचना तथा प्रसारण विभागमा दर्ता नं....मिति.. मा दर्ता रहेको ......(कम्पनीको नाम) द्वारा सञ्चालित www........ नामक अनलाइन सञ्चारमाध्यमको दर्ता खारेज गरिने हुँदा यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारहरुको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा यो सूचना प्रकाशन भएको मितिबाट १५ दिन भित्र यस कम्पनीको ठेगान..., सञ्चालकको मोबाइल नम्बर... वा इमेल.... मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत अनुरोध छ ।"

# अनलाइन पत्रिकाको सम्पादक परिवर्तनका लागि आवश्यक कागजातहरुहरुको चेकलिष्ट:-

(क) संस्थाको लेटरप्याडमा निवेदन,

(ख) अनलाइन दर्ता प्रमाणपत्र,

(ग) पहिलेको सम्पादकको राजिनामा पत्र,

(घ) माइन्युटको प्रतिलिपि (सम्पादकको राजिनामा पत्र स्वीकृत गर्ने र नयाँ सम्पादक नियुक्तिको निर्णय भएको),

(ङ) सम्पादकको नियुक्तिपत्र,

(च) सम्पादकको नागरिकता,

(छ) सम्पादकको शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि (एसएलसी/एसईई देखि स्नातक तहसम्मका सहित सबै प्रतिलिपिहरुमा सम्पादकले सक्कल बमोजिम नक्कल सही छ भनि प्रमाणित गरेको)

# पत्रिका स्थायी सिफारिस गर्न आवश्यक कागजातहरुः

१.निवेदन

२.अस्थायी प्रमाणपत्रको प्रतिलिपि

३.प्रकाशकको नागरिकता

४.स्थायी सिफारिसको लागि जिल्ला प्रशासन कार्यालयको पत्र

५.पत्रिकाको प्रकारबमोजिम देहायका विवरणसहितका लगातार अंकहरु ।

| पत्रिकाको किसिम | न्यूनतम आकार | पृष्ठ संख्या | प्रकाशित हुनुपर्ने न्यूनतम अङ्क |
|---|---|---|---|
| दैनिक | १२"x२१" | ४ | ४५ |
| अर्ध साप्ताहिक | १०"x१५" | ६ | ११ |
| साप्ताहिक | १०"x१५" | ६ | ६ |
| पाक्षिक | ९"x१५" | १२ | ४ |
| मासिक | ९"x१५" | १२ | ४ |
| द्वैमासिक | ९"x१५" | १२ | ३ |
| त्रैमासिक | ९"x१५" | १२ | ३ |
| चौमासिक | | | ३ |
| अर्ध वार्षिक | | | २ |
| वार्षिक | | | २ |